# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश,नेपाल

पत्र संख्याः २०८१/०८२

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

(प्रथम पटक प्रकाशित मिति २०८२।०३।१६)

उपरोक्त सम्बन्धमा यसपिपरा गाउँ कार्यपालिकाकोमिति २०८२/०३/१३ गतेमा बसेको कार्यपालिका बैठकको निर्णय अनुसार आ.व. २०८२/०८३ देखि आगामी ५(पाँच) बर्षको लागि तपशिलमा उल्लेखित ठेक्का नं. र वडाहरुमा रहेका सार्वजनिक पोखरीहरुमा माछा पालनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले विगतको ठेक्का पट्टा सम्बन्धि गा.पा. लाईतिर्नुपर्नेबाँकी बक्यौता रकम नरहेकाइच्छुक व्यक्ति, संघ संस्था लगायत सरोकारबालाहरुले प्रति ठेक्काको लागि बोलपत्र फाराम वापत रु. १,०००।- (एकहजार मात्र फिर्ता नहुने गरी) नगदै राजश्व शाखाबाट बोलपत्र फाराम खरिद गरि तोकिएको शर्तको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन सम्म खरिद गर्न सकिने तथा १६ (सोहौ) दिन दिनको १:०० बजे सम्म छुट्टा छुट्टै ठेक्का नं. को सिलवन्दी बोलपत्र दर्ता गराउनु हुन र रितपूर्वक दर्ता भएका शिलवन्दी दरभाउ पत्र सोही दिन दिनको २:०० बजे खोलिने सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | पोखरीको नाम | वडा नं. | न्यूनतम मूल्य ५ वर्षको रु. | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | धोवियाही पोखरी | २ | ६,०८,३१०/- | ५ (पाँच) बर्ष | |
| २ | २/२०८१/०८२ | मटकोरवा चभचा पोखरी | २ | ११,०६,०९५/- | " | |
| ३ | ३/२०८१/०८२ | दिदिया पोखरी | ३ | २६,३२,५००/- | " | |
| ४ | ४/२०८१/०८२ | देवीस्थान पोखरी | ४ | ६,०७,५००/- | " | |
| ५ | ५/२०८१/०८२ | ठूलोसुब्बा पोखरी कुम्हरा खता समेत | ५ | ४१,७६,३६०/- | " | |
| ६ | ६/२०८१/०८२ | पैनपिवी पोखरी | ५ | २१,०६,००४/५० | " | |
| ७ | ७/२०८१/०८२ | डबरा ठूलो र सानो | ५ | ८,१०,८५५/- | " | |
| ८ | ८/२०८१/०८२ | हथियाही पोखरी | ५ | २८,५७,४९८/२० | " | |
| ९ | ९/२०८१/०८२ | बौंना पोखरी | ६ | ३,८४,७५०/- | " | |
| १० | १०/२०८१/०८२ | हाथिपोखरी | ६ | ४२,७४,९८२/- | " | |
| ११ | ११/२०८१/०८२ | केदरीलालपोखरी | ७ | १७,७४,७१०/- | " | |
| १२ | १२/२०८१/०८२ | तिलकापोखरी | ७ | ८,१४,०५०/- | " | |
| १३ | १३/२०८१/०८२ | थानपोखरी दनौली | ७ | १५,८५,५७५/- | " | |
| १४ | १४/२०८१/०८२ | पुरनीपोखरी | ७ | २४,९०,७५०/- | " | |

प्रमुख प्रशासकिय अधिकृत

शम्भु ठाकुर

प्रमुख प्रशासकिय अधिकृत

# शर्तहरु

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउँदा सम्बन्धित व्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाण पत्र लिई स्वयं उपस्थित भई निवेदन साथ पेश गर्नु पर्ने छ ।

२. खामको बाहिर पट्टी ठेक्का नं., वडानं. र पोखरीको नाम तथा गाउँकार्यपालिकाको कार्यालय पिपरा उल्लेख गरि बोलपत्र शिलबन्दी (लाह छाप) गरि पेश गर्नु पर्ने छ ।

३. बोलपत्र साथ व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र बोलपत्रसाथ रु. १० को टिकट टाँसी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फाराममा बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा केरमेट नगरी स्पस्ट संग लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिनेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंक (रकम) को ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको एभरेष्ट बैंक लि., पिपरा शाखामा रहेको धरौटी खाता ग ३-१ खाता नं. ०६२००१०६२००००२ जम्मा गरि सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्ने छ ।

६. सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन कार्यालय समय भित्र बोलपत्र फाराम वापत रु. १,०००।- तिरी पिपरा गाउँपालिकाको राजश्व शाखाबाट खरिद गरि १६ (सोह्रौ) दिन दिनको १:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ र सोही दिनदिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ । साथै बोलपत्र खोलिने मिति र समयमा बोलपत्र दाताहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. बोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समयमा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोली पल्ट दिनको १:००वजे सम्ममा बोलपत्र फाराम दर्ता गराइ सक्नु पर्ने र सोही दिन दिनको २:०० बजे बोलपत्र खोलिने छ ।

८. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको अर्ध वार्षिक किस्ता बुझाई सकेपछि सम्झौता गरि चलन पुर्जी लिई सक्नु पर्नेछ । सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरि दोश्रो कबोल दातालाई ७ (सात) दिनको म्याद दिई सम्झौता गर्न आउँन जनाउ दिनेछ र बुझाउनु **पर्ने बाँकी** रकमको हकमा ७ दिन भित्र जयाजमानी वापतको जग्गा मालपोत कार्यालयबाट रोक्का गराइ सोको निस्सा पेश गरे पछि मात्र चलन**पूर्जी दिइने**छ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस कार्यालयको छाप र कार्यालय प्रमुख वा तोकिएको कर्मचारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिने छैन ।

१२. कार्यालयले समय-समयमा दिईएको निर्देशनको पालना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ ।

१३. बाढी पहिरो सुख्खा जर्ति वा अन्य कुनै कारण देखाइ मिनहा माग भएमा यस कार्यालयबाट मिन्हा दिइने छैन ।

१४. ठेक्का स्वीकृत भइ कार्यालयले माग गरे वमोजिमको रकम तोकिएको समय भित्र दाखिला गरि सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ । ठेक्का सम्झौता गरे पछि तोकिएको मितिबाट मात्र ठेक्का संचालन गर्न पाइने छ । सम्झौता गर्नु भन्दा पहिला दाबी गर्न पाइने छैन ।

१५. गा.पा.को स्वीकृति **बेगर पोखरीको** संरचनामा कुनै हेरफेर गर्न पाईने छैन ।

१६. यस ठेक्का सम्व**न्धि कुनै किसिमकोझै-**झगडा वा मतभिन्नता भएमा पिपरा गाउँपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१७. बोलपत्रखरिद वापत **तिरेको राजश्व** फिर्ता हुने छैन ।

१८. पोखरी तथा बाली**को सुरक्षा ठेकेदारले** स्वयं आफै गर्नु पर्ने छ।

१९. यस कार्यालयलाई **तिर्नुपर्ने बाँकी** बक्यौता रकम रहेका व्यक्ति, ठेकेदार तथा संघ/संस्थालाई बोलपत्र फारम उपलब्ध गराइने छैन भुलबस बाँकी बक्यौता रकम रहेका व्यक्तिको ठेक्का स्वीकृत भएको खण्डमा निजको ठेक्का जुनसुकै बेला रद्ध गरिनेछ साथै निजले बुझाएको रकम समेत जफत गरिनेछ ।

२०. ठेकेदारले ठेक्का अवधि **भित्र** विभिन्न कारण देखाई ठेक्का रद्ध गर्न चाहेमा सो ठेक्का रद्ध हुने छैन ।

२१. यस सूचनामा उल्लेखित शर्तहरुको हकमा सोही वमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन, नियम वमोजिम हुनेछ ।

शम्भु ठाकुर
प्रमुख प्रशासकिय अधिकृत